महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

२०७८

आदर्श गाउँपालिका

डोटी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.सः २०७८।७९
च.नः १२८

मितिः २०७८।५।४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
आदर्श गाउँपालिका, डोटी ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

....
नारायण एम.सी.
(नायव महालेखापरीक्षक)

बोधार्थः
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं — प्रतिवेदन संलग्न छ ।

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. १२९

मितिः २०७८।०५।०४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
आदर्श गाउँपालिका, डोटी ।

कैफियत सहितको राय

हामीले आदर्श गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु २ करोड ५८ लाख ५४ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु ८ लाख ७० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ७५ लाख ७३ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ६० लाख ९९ हजार र पेश्की बाँकी रु.१३ लाख १२ हजार रहेको छ ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०१।१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभइ कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३४ (चौतिस) को यसैसाथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम. सी.)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

श्री आदर्श गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा रहेको ३९ जना (विद्यमान ३७ जना) सभा सदस्य, १२२ वर्ग किलोमिटर क्षेत्रफल तथा २४२३२ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष : आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

सि.नं	आय तर्फ			सि.नं	व्यय तर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		२२०१७२२०.००	१	**चालु खर्च**	१६५९६८५०१.००	१६५९६८५०१.००
	क) नगद	०.००		२	**पूँजीगत खर्च**	१०१७७९०००.००	१०१७७९०००.००
	ख) बैंक सञ्चित कोष तर्फ	२१६५७२२०.००		३	**वित्तीय व्यवस्था भुक्तानी**		
	ग) बैंक विभिन्न कोष तर्फ विविध र प्रकोप	०.००			क) ऋण भुक्तानी	०.००	
	घ) बैंक धरौटी तर्फ	३६००००.००			ख) ब्याज भुक्तानी	०.००	
२	**राजस्व (आन्तरिक आय)**		५६९२९१०४.००		ग) अन्य भुक्तानी	०.००	
	क) आन्तरिक राजस्व	८८९४९९.००		४	**लगानी**		
	ख) राजस्व बाँडफाँड	५६०३९६०५.००			ऋण लगानी	०.००	
	ग) अन्य आय	०.००			शेयर लगानी	०.००	
३	**वित्तीय हस्तान्तरण संघ**		२३४१३४०००.००		अन्य लगानी	०.००	
	क) समानीकरण अनुदान	९१६०००००.००		५	धरौटी फिर्ता	५६२३५.००	५६२३५.००
	ख) सशर्त अनुदान	१३९०३४०००.००		६	**कोष फिर्ता**		२९१०३८७८.१९
	ग) समपूरक अनुदान	०.००			संघिय शर्शत अनुदान फिर्ता	१४१३१२०३.१९	
	घ) विशेष अनुदान	३५०००००.००			संघिय विशेष अनुदान फिर्ता	०.००	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		२९२०१०००.००		प्रदेश शर्शत अनुदान फिर्ता	१००३०००.००	
	क) वित्तीय समानीकरण अनुदान	६८८७०००.००			प्रदेश विशेष अनुदान फिर्ता	४२३८९८१.००	
	ख) सशर्त अनुदान	१३०३०००.००			समपुरक अनुदान फिर्ता	९६११०००.००	
	ग) समपुरक अनुदान	१४६११०००.००			प्रकोप व्यवस्थापन कोष फिर्ता	११९६९४.००	
	घ) विशेष अनुदान	६४०००००.००		८	**कार्य सञ्चालन कोष तर्फको खर्च**		१३८१३६९२.००
५	**विभिन्न कोषतर्फको आय**		२०९९१६३०.००		प्रकोप व्यवस्थापन कोष	१०५२८१८२.००	
६	प्रकोप व्यवस्थापन कोष	१७२८१५००.००			जिल्ला समन्वय समिति तर्फको खर्च	२५८००००.००	
	जिल्ला समन्वय समिति	३००४२००.००			राष्ट्रिय योजना आयोग	६६०००.००	
७	राष्ट्रिय योजना आयोग	६६०००.००			प्रदेश तथा स्थानिय तह क्षमता विकास कार्यक्रम	२७९५१०.००	
८	प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम	२७९९३०.००			शिक्षा विकास निर्देश्रालय	३६००००.००	
९	शिक्षा विकास निर्देश्रालय	३६००००.००		९	**अन्तर सरकारी अख्तियारी तर्फ**		८७४८५५७८.००
१०	**धरौटी आय**	९१४७०.००	९१४७०.००		राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण	७६९९९७.००	
११	**अन्य विविध आय**		८७४८५५७८.००		स्थानिय पुर्वाधार विकास साँझेदारी	२२४७४४२.००	
१२	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण	७६९९९७.००			बहुक्षेत्रिय पोषण कार्यक्रम	६२६९९०.००	
	स्थानिय पुर्वाधार विकास साँझेदारी	२२४७४४२.००			गरिव सँग विश्वेश्रर कार्यक्रम	४३५७४९.००	
	बहुक्षेत्रिय पोषण कार्यक्रम	६२६९९०.००			सामाजिक सुरक्षा तथा	८३४०५४००.००	

					संरक्षण		
	गरिव सँग विश्वेश्वर कार्यक्रम	४३५७४९.००			राष्ट्रपति महिला उत्थान कार्यक्रम	०.००	
	सामाजिक सुरक्षा तथा संरक्षण	८३४०५४००.००		१०	**मौज्दात**		**५२६४३११७.९९**
					नगद	०.००	
					सञ्चितकोष मौज्दात	४४३००१४०.००	
					धरौटी खाता मौज्दात	३९५२३५.००	
					कार्यसञ्चालन कोष खाता मौज्दात	४२४६२०.००	
					प्रकोप व्यवस्थापन कोष खाता मौज्दात	६६३३६२४.००	
					आन्तरिक राजस्व खाता	८८९४९८.९९	
	जम्मा	**४५०८५०००२.००**	**४५०८५०००२.००**		**जम्मा**	**४५०८५०००२.००**	**४५०८५०००२.००**

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• **वित्तीय विवरण विश्लेषण**	

१. **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा गरेको पाईएन ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२. **बैक हिसाब** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको स्रेस्ता अनुसार बाँकी भन्दा बैङ्क अनुसारको बाँकी रकम रू ५५५९०९२८।७० बढी देखिएकोमा पेश भएको हिसाब मिलान विवरणमा भुक्तानीका चेक बैङ्कमा नसाटिएको र चालु र पुँजिगत खर्च खातामा बाँकी रहेको रकम स्थानीय सञ्चित कोषमा सारिएकोमा रकम दाखिला हुन बाँकी रहेकोले फरक देखिएको उल्लेख छ ।

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	विवध खर्च खाता	४२४६१९.८७	१४५८२६८.७५	-१०३३६४८.९
२	स्थानीय तह धरौटी खाता	३९५२३५.००	३९५२३५.००	०
३	स्थानीय तह संचित कोष खाता	४४३००१४०.१३	४२१९३८५५.९६	२१०६२८४.२
४	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	६६३३६२४.००	९७५७०८२.००	-३१२३४५८
५	चालु खर्च खाता	०.००	३४०५७२११.२२	-३४०५७२११
६	पँजुगत खर्च खाता	०.००	१९४८२८९५.००	-१९४८२८९५
७	आन्तरिक राजस्व खाता	८८९४९८.९९	८८९४९८.९९	०
	जम्मा	५२६४३११७.९९	१०८२३४०४६.९२	-५५५९०९२८.७

३. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन । • कार्यालयको श्रेष्ता र वैक बीचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैङ्क हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको देखियो । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४.	**बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
५.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
	• **बजेट तथा कार्यक्रम**	
६.	**बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

स्थानीय तहमा उपाध्यक्ष श्री कमला देवी ओझाले मिति २०७६।०३।१० गते रू.३२३०२३०००।०० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।३० मा पारित भएको छ । यसैगरी गाउँपालिका अध्यक्षले २०७६।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

७. **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८. **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९. **चौमासिक खर्चः** गाँउपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः

क्र.स.	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दौस्रो चौमासिक	तेस्रो चौमासिक	अषाढ महिना
१	चालु खर्चतर्फ	१६६८५८४१८	३५८५५७९०	३५०७५६००	९५९२७०२८	६८३३६४९०
२	पूँजिगत खर्चतर्फ	१०१७७९०७८	०	७५२६२९०	९४२५२७८८	७८८९७२३७
३	जम्मा	२६८६३७४९६	३५८५५७९०	४२६०१८९०	१९०१७९८१६	१४७२३३७२७
४	प्रतिशत	१००	१३.३४	१५.८६	७०.८०	५४.८१

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू. २६८६३७४९६।०० निकासा भएकोमा प्रथम चौमासिकमा रू. ३५८५५७९० अर्थात १३.३४ प्रतिशत, दोश्रो चौमासिकमा रू.४२६०१८९०, अर्थात १५.८६ प्रतिशत र तेश्रो चौमासिकमा रू. १९०१७९८१६, अर्थात ७०.८० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू. १४७२३३७२७ अर्थात ५४.८१ प्रतिशत खर्च देखिनुले अषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन ।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	स्वीकृत कार्यक्रम अनुसार चौमासिक बजेट विभाजन अनुसार खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।	

१०. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** पालिकाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छः

क.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	२४२६००००	२०७२९०००	८%
२	पूर्वाधार विकास	७१०८४०००	४६०५९०००	१८%
३	सामाजिक विकास	१८१८३९०००	१४२०६९०००	५४%
४	बातावरण तथा विकास	३८०००००	२६३२४४९	१%
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१४५२६०००	११२०६०००	५%
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	६९४१७०००	३९६४६०००	१५%
	जम्मा	**३६४९२६०००**	**२६२३४१४४९**	**१००%**

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५४ प्रतिशत र वातावरण तथा विकासमा १ प्रतिशत खर्च रहेको छ । मध्यमकालिन खर्च संरचना तयार गरी बजेटलाई आवधिक योजना र दिगो विकास लक्ष्य अन्तर्गतको सूचकहरुमा आधारित बनाउनु पर्दछ ।

११. **लक्ष्य प्रगति :** कार्यालयको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा गाउँपालिकाले सञ्चालन गरेका १५९ योजनाको तोकिएको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	३४	०	०	१	३
सहायक कार्यक्रम	१२५	०	१	१	२
जम्मा सञ्चालितयोजना मध्ये	१५९	०	१	२	५

- **संगठन तथा कर्मचारी ब्यवस्थापन**

१२. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ८४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका विभिन्न १२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३.</td><td>कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले विभिन्न पदमा ५५ जना कर्मचारीहरु करारमा राखी रू.१२९११६३०।०० खर्च लेखेको छ । सो मध्ये स्वास्थ्य सेवा तथा अन्य सेवाका विभिन्न ८ कर्मचारी दरबन्दी भन्दा बढी नियुक्त गरी रु. १३४४०००.०० खर्च लेखेको देखियो । स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी करार सेवामा भर्ना गरी खर्च लेखेको कार्य नियम सम्मत मान्न नसकिने भएकोले नियमित गर्नु पर्ने रु.</td><td>१३४४०००.०</td></tr>
<tr><td>१४.</td><td>कर्मचारी कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले कर्मचारी कल्याण कोषको संचालन सम्बन्धी गाउँपालिकाबाट कुनै ऐन कानूनको र कोष व्यवस्था गरेको देखिएन । कानून बमोजिम कल्याणकारी कोषको व्यवस्था गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>तलबी प्रतिबेदन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको शुरु तलवमान प्रदेश सरकारले तोके बमोजिम हुने र त्यसरी नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका (विषयगत बाहेक) कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा तलव खर्च यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>वडा सचिवको पदपूर्ति : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवहरुको पदपुर्ति गरी वडा प्रशासन प्रभावकारी बनाउनु पर्दछ ।
<table>
<tr><th>वडा संख्या</th><th>वडा सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>७</td><td>७</td><td>७</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७.</td><td>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार ३ वटा ऐन, ४ वटा नियमावली, १७ कार्यबिधि र १ वटा आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नानुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१६७२</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>१३९</td></tr>
</table></td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

बसाईसराई दर्ता	१०८
विवाह दर्ता	१६३
सम्बन्धविच्छेद दर्ता	०
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	
कालोपत्रे सडक मर्मत	
ग्राभेल सडक निर्माण	
ग्राभेल सडक मर्मत	३० कि.मी.

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालन सन्तोष जनक देखिएन ।सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

१८. **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	**रु १ लाख देखि २ लाखसम्म**	**रु २ लाखदेखि ५ लाखसम्मका**	**रु ५लाख देखि १० लाखसम्मका**	**रु १० लाखभन्दा बढीको**	**जम्मा**
२	१७	८०	३४	२६	१५९

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष संचालन गरेका जम्मा १५९ योजनाहरु मध्ये रू.१० लाख भन्दा बढीका जम्मा २६ वटा मात्र रहेकाले साना योजनाको संख्या धेरै रहेको देखियो । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यमा गुणस्तर समेत कायम गर्न नसकिने अवस्था भएकोले दिगो उत्पादनमूलक र ठूला रुपान्तरणकारी योजना कार्यान्वयनमा ध्यान जानु पर्दछ ।

- **कानून निर्माण एवं कार्यान्वयन**

१९. **लेखापरीक्षण प्रतिवेदन उपर छलफलः** लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय अभ्यासलाई संस्थागत गर्नु पर्दछ ।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२०.	**कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट २५ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३ ऐन, ४ नियमावली, १७ कार्यविधि र १ आचार संहिता निर्माण गरी कार्यान्यिनमा ल्याएइको छ	
२१.	**न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्ममा स्थानीय तहको न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनु पर्ने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार आ.व. २०७६।०७७ मा दर्ता भएका २९ वटा विवाद मध्ये २९ वटै विवाद फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लागेको पाइयो ।	
२२.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले ऐनले तोके बमोजिम यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा सम्पन्न नगराई एकमुष्ट बार्षिक रुपमा गरेको पाईयो ।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
२३.	**कार्यविभाजन तथा सम्पादनः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ मा कार्यपालिकाको कार्य विभाजन तथा कार्य सम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यापालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ सो नियमावलीमा प्रमुख उपप्रमुख वडा अध्यक्ष तथा वडा सदस्यहरुको काम कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनु पर्ने उल्लेख भएको पालिकाले हाल सम्म पदाधिकारीहरुको कार्य विभाजन नियमावली बनाएको छैन । कार्य विभाजन नियमावली स्वीकृत गरी कार्यन्वयनमा ल्याउनु पर्दछ ।	
२४.	**कार्य संचालन कार्यविधिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ ।	
	• **पदाधिकारी सुविधा**	

क स	कार्यक्रमको नाम
१	जे सि वि तथा ट्याक्टर संचालन
२	एम्बुलेन्स संचालन

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>२५.</td><td>पदाधिकारी सुविधा - सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारीले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा बापत तोकिए बमोजिम रकम पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जस अनुसार सुदुरपश्चिम प्रदेश सरकारले उक्त ऐनमा संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधा वापत कार्तिक सम्मको पारिश्रमिक वापत रु १००३८६०।०० खर्च लेखेको देखियो ।</td><td></td></tr>
<tr><td>२६.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रू. ९६२०००.० सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>प्रमुख/ अध्यक्ष</th><th>उपप्रमुख/ उपाध्यक्ष</th><th>वडाअध्यक्ष ७ जना</th><th>कार्यपालिका सदस्य ६ जना</th><th>सभाका सदस्य २२ जना</th><th>जम्मा ३७</th></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>२६०००</td><td>२६०००</td><td>१८२०००</td><td>१५६०००</td><td>५७२०००</td><td>९६२०००</td></tr>
<tr><td>२</td><td>यातायात खर्च</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>४</td><td>पुस्तक, पत्रपत्रीका, ईन्टरनेट</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/सरसफाई</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६०००</td><td>२६०००</td><td>१८२०००</td><td>१५६०००</td><td>५७२०००</td><td>९६२०००.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७.</td><td>खाना तथा विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रू. १८३४८४०।०० खर्च गरेको छ ।जुन</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	आन्तरिक आयको २०० प्रतिशत भन्दा बढी हुन जान्छ । चालु खर्चलाई न्यूनिकरण गर्न आवश्यक ध्यान जानु पर्दछ ।	
२८.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष २२ जनालाई रू. ९८००००।०० आर्थिक सहायता वितरण गरेका छन् ।जुन आन्तरिक आयको शत प्रतिशत भन्दा बढी हो । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
२९.	**अन्य कार्यालयको खर्चः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । अन्य कार्यालयको लागि गरिने खर्चमा नियन्त्रण गर्नुपर्दछ।	

क स	कार्यलय वा संस्थाको नाम	कामको प्रकृतिको	भुक्तानी रकम
१	नमाशिवशक्ति बचत तथा ऋण सहकारी संस्था	घेरवार गर्ने कार्य	३८७६६१।००
२	वडा न ७ रेजुला युवा क्लव	भवन निर्माण	२७०४६५।००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३०.	**मन्दिर निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न २० वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रु ७७७४८४२।०० विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट विनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमा कूल नगरपालिकाको पुँजिगत बजेटको करिव १० प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्दन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई नगरपालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ ।	
	• **अनुदान फिर्ता, वितरण र उपयोग**	
३१.	**अनुदानको उपयोग र फिर्ताः** संघीय तथा प्रादेश सरकारबाट प्राप्त सशर्त विशेष तथा समपुरक अनुदानको रुपमा प्राप्त रकम खर्च नभएको अवस्थामा सम्बन्धित संघीय तथा प्रादेशिक सञ्चित कोषमा फिर्ता गर्नुपर्ने हुन्छ । पालिकाले निम्नानुसार अनुदान प्राप्त भएकोमा प्रदेश सशर्त अनुदान तर्फको खर्च नभई बाँकी रहेको रू ३ लाख प्रदेश सञ्चित कोषमा फिर्ता हुन बाँकी रहेकोले उक्त रकम सफिर्ता हुनु पर्दछ ।	३०००००।००

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	१३९०३४०००	१२४९०२७९६.८१	१४१३१२०३.१९	
	विषेश	३५०००००	३५०००००	०	
	समपुरक	०	०	०	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

	अन्य प्रकोप व्यवस्थापन कोष	२१७००००	२०५०३७६	११९६९४	
प्रदेश सरकार	शसर्त	१३०३०००	०	१००३०००	३०००००.००
	विषेश	६४०००००	२१६१०१९	४२३८९८१	
	समपुरक	१४६११०००	५००००००	९६११०००	
	जम्मा	**१६७०१८०००.००**	**१३७६१४१९२.००**	**२९१०३८७८.००**	**३०००००.००**

३२. **अनुगमन प्रतिवेदनः** विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुँदा नं ११ मा विशेष अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार खर्च भएकोमा कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । कार्यविधिको व्यवस्था अनुसार अनुगमन हुनु पर्दछ ।

क स	स्रोत	प्राप्त रकम	खर्च
१	प्रदेश विशेष अनुदान	६४०००००	२१६१०१९
२	"	१४६११०००	५००००००
५	संघ समपुरक अनुदान	३५०००००	३५०००००

३३. **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।

- **खरिद व्यवस्थापन**

३४. **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१० करोड १७ लाख ७९ हजार पूँजीगत खर्च/खरिद कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
	• **कर दस्तुर एवं आन्तरिक आय**	
३५.	**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. २००००००।०० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रू. ८८९४९८।९९ अर्थात अनुमान भन्दा ५६ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
३६.	**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । <table><tr><td>केन्द्रीय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr><tr><td>२६८६३७०००।००</td><td>८८९४९८।९९</td><td>०.३३</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.३३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
३७.	**स्थानीय तहरूको विभाज्य कोष** - प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाँडफाड गर्नुपर्ने बिभाज्य कोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन करको यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाँडफाड गर्नुपर्दछ ।	
३८.	**राजश्व अभिलेख** : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३९.	**राजश्व दाखिला :** प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ७ वटा वडा कार्यालय र गाउँपालिकाका विभिन्न शाखाबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।	
४०.	**सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।	
४१.	**मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस नगरपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।	
४२.	**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०७६।७७ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
४३.	**आर्थिक ऐन भन्दा बाहिरको राजस्व असुलीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ मा कानून बमोजिम बाहेक स्थानीय तहले कुनै पनि कर दस्तुर जरिवाना वा अन्य कुनै शुल्क उठाउन नपाइने व्यवस्था छ । पालिकाले यो वर्ष मदिरा बिक्री वितरण ईजाजतपत्र दस्तुर तथा सेवा शुल्क वापत रु.१००००।०० तथा मदिरा सेवन गरी होहल्ला गर्नेलाई रु.५०००।०० सम्म जरिवाना कार्यपालिकाले निर्णय गरी निर्धारण गरेको छ । पालिकाको आर्थिक ऐन २०७६ मा यस प्रकारको कर तथा गैर कर असुल गर्ने व्यवस्था छैन । कानून बनाएर मात्र कर तथा गैर कर असुल गर्नु पर्दछ।	
४४.	**विद्यालयको आयः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ मा स्थानीय तहको सबै प्रकारका आम्दानी स्थानीय सञ्चित कोषमा दाखिला हुनु पर्ने व्यवस्था छ । शिक्षा नियमावली २०५९	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	को अनुसुची २३ मा विद्यालयलाई प्राप्त हुने अनुदान रकम र पढाई शुल्क विद्यालयको खातामा दाखिला हुनु पर्ने व्यवस्था छ । विद्यालयको सम्पत्ति विक्रि वापत प्राप्त रकम विद्यालयको खातामा दाखिला हुने व्यवस्था शिक्षा ऐनमा गरेको देखिदैन । भुवादेउ मन्दिर घर निर्माण योजनाको लागि महादेव आधारभूत विद्यालय वडा न २ को पुरानो काठ खरिद गरेको भनि रु.३२६०००।०० भुक्तानी गरेको भरपाई पेश गरेको छ ।अत उक्त रकम स्थानीय सञ्चित कोषमा दाखिला भएको प्रमाण पेश नभएकोले उक्त पुरानो काठ विक्रि वापतको आम्दानी स्थानीय सञ्चित कोषमा आम्दानी बाध्नु पर्ने रु.	३२६०००.००
	• **उपभोक्ता समिति मार्फत कार्य**	
४५.	**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनु पर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
४६.	**उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेकोः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्रास गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडानका कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ ।निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समिति सँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले नियमित गर्नु पर्ने रु	११८३६४०९.०

क स	उपभोक्ता समितिको नाम	उपभोक्ता समिति सँग भएको सम्झौता अंक श्रमदान बाहेक	संलग्न निर्माण व्यवसायीको नाम	निर्माण व्यवसायीको बील पेश भएको रकम ईन्धन समेत

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

१	गिरीचौकी सडक निर्माण उ स	४५३५२७१।००	आर आर कन्स्ट्रक्सन	५१२४८५६।००
२	चौसी सरकयाल मेल्लेक सडक निर्माण उ स	३४२३९०।००	एलजी कन्स्ट्रक्सन	४९२७९६।००
३	सातै चौपाली भिरकोट सडक निर्माण	२८९४६६।००	जगन्नाथ कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स	३२१७१६।००
४	कालिका आ वि खेलमैदान निर्माण उ स	३८६३४८।००	जगन्नाथ कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स	६५३०२८।००
५	लमिखाल मुसुरे काफल रोड निर्माण उ स	१९४०००।००	मुस्कान निर्माण सेवा	२५००००।००
६	गोरलेख तल्लो ओलीगाँउ सडक निर्माण उ स	२९१०००।००	मुस्कान निर्माण सेवा	४२४८३४।००
७	भैरपुडि तिपताने लाखडा सडक निर्माण उ स	४८३५४८।००	जगन्नाथ कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स	७०५९११।००
८	बजेडी स्वखान सडक निर्माण उ स	७७२८७०।००	जगन्नाथ कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स	१२७१३०४।००
९	पातल घोडाशैन सडक निर्माण उ स	३८५९४७।००	जगन्नाथ कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स	५६३४५९।००
१०	तलरा सडक मर्मत उ स	२८८९८४।००	भैरव शक्ति निर्माण सेवा	३७४०३०।००
११	लामिखाल घटलाई खाली सडक निर्माण उ स	२८०९८१।००	जगन्नाथ कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स	४८११००।००
१२	चौसी सडक निर्माण उ स	१४१२३१६।००	भैरव शक्ति निर्माण सेवा	२०६०२१४।००
१३	थाला सडक स्तरोन्नती उ स	६७५३५५।००	जगन्नाथ कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स	६२४७३७।००
१४	वारकाँडा एलि दह सडक निर्माण उ स	१४९७९३३।००	जगन्नाथ कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स	१४६९०००।००
१५	जम्मा	११८३६४०९।००		

४७. **उपभोक्ताको लागत साझेदारीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा ६० लाख भन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य ईकाइमा उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नु पर्ने योगदान सहितको परीमाण एकिन गरी सम्झौता गर्नु पर्ने व्यवस्था छ । यसै नियममा लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सी मु अ कर र ओभरहेड समेत समावेश गर्नु पर्ने उल्लेख छ । कार्यालयले यो वर्ष निम्नानुसारको निर्माण कार्यको लागत अनुमान रू ६० लाख नाघेको अवस्थामा नियमावलीको प्रावधान अनुसार प्रत्येक कार्य ईकाइमा उपभोक्ता समितिको योगदान नखुलाई एकमुष्ठ १७.६१ प्रतिशत लागत उपभोक्ता समितिबाट व्यहोरिने गरी सम्झौता गरेको छ ।तसर्थ कुन काम उपभोक्ता समितिबाट र कुन काम पालिकाको आर्थिक योगदानबाट भएको हो सो खुल्दैन । नियमावलीको प्रावधानको पालना गर्नु पर्दछ ।

क स	योजनाको नाम	लागत अनुमान मुअकर र ओभरहेड सहित
१	गिरी चौकी सडक निर्माण उपभोक्ता समिति	६६३८९०३।००

४८. **बढी परिमाणको भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ ख मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच तथा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत निम्नानुसारको RCC को कार्य गर्दा वास्तविक परिमाण भन्दा बढी परिमाणको कार्य देखाई भुक्तानी भएको देखिएकोले

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	बढी भएको भुक्तानी सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रु	१७१०२८.००

योजना तथा उपभोक्ता समितिको नाम	वास्तविक भन्दा बढी देखिएको परिमाण	दर	बढी भुक्तानी रकम	कैफियत
बाबै सिचाई पोखरी निर्माण उ स	६३८ केजी	११६.७४।००	७४४८०।००	**MS bar** को गणना गर्दा वास्तविक भन्दा बढी परिमाण राखिएको।
अतोला रुल्यान सिचाई कूला निर्माण उ स	१९७.६५ के जी	१५१.३७	२९९१८।००	**Canal** को **U shaped MS bar** को लम्बाई बढि राखेको ।
श्री नमादेव आ विको भवन निर्माण उ स	४४२ के जी	१३५.९९५	६०२१९।६०	पिल्लरमा आवश्यकता भन्दा बढी **MS bar** को परिमाण राखेको ।
पातलखोला डल्लाकुने कौसाडी नि उ स	५७ के जी	११२.४८	६४११।३६	**Canal** को **U shaped MS bar** को लम्बाई बढि राखेको ।
जम्मा			१७१०२८।००	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४९.	**बढी परिमाणको भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत निम्नानुसारको खानेपानी सम्बन्धी कार्य गर्दा वास्तविक परिमाण भन्दा बढी परिमाणको कार्य देखाई भुक्तानी भएको देखिएकोले बढी भएको भुक्तानी सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रु.	२१४६६७.७६

योजना तथा उपभोक्ता समितिको नाम	बढी देखिएको परिमाण	दर	बढी भुक्तानी रकम	कैफियत
खालिगडा खानेपानी निर्माण उ स	४०३.२ घ मि	४८६।००	१९५९५५।२०	पाईपको लम्बाई भन्दा १४०० मिटर बढी खन्ने पुर्ने काम गरेको ।
थला खानेपानी मर्मत उ स	३०.९६ घ मि	४८६।००	१५०४६।५६	पाईपको लम्बाई भन्दा ८० मिटर बढी खन्ने पुर्ने काम गरेको ।
गिरी चौका खतेडा खानेपानी मर्मत उ स	५५ मिटर पाईप	६७।६७	३६६६।००	खरिद गरिएको भन्दा ५५ मिटर बढीको भुक्तानी देखिएको ।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५०.	**बढी मेशिन भाडा दरः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्र निर्माण कार्य वा अन्य सेवा प्रयोजनको लागि निर्माण सामाग्री ज्याला भाडा तथा महसुलको स्थानीय न्यूनतम दर रेट निर्धारण गर्नु पर्ने व्यवस्था छ । जिल्ला दररेट तथा स्थानीय दररेटमा मेशिन प्रयोग गरी सडक निर्माण गर्दा सडक विभागले तय गरेको प्रति घण्टाको भाडा दर अनुसार हुने निर्णय उल्लेख छ ।सडक विभागले तयार गरेको दररेट अनुसार All type soil खन्ने कामको लागि Hydrolic Excavator ले प्रति घण्टा ६० घन मिटर खन्ने र Backhoe Loader ले प्रति घण्टा २६ घन मिटर खन्ने नर्मस कायम गरी प्रति घण्टा दुई प्रकारका मेशिनको लागि भाडा दर क्रमश रु.३५७०।०० र रु. २००६।०० ईन्धन अपरेटर खर्च तथा मर्मत सम्भार समेत कायम गरेको छ । जस अनुसार सबै प्रकारका माटो काट्ने कामको लागि क्रमस प्रति घन मिटर रु ५९.५० र ७७.१५ हुने देखिन्छ । पालिकाले यो वर्ष निम्नानुसार कामको लागि सडक विभागले तोकेको दर भन्दा बढी दरमा मेशिनको	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>भाडा दर कायम गरी लागत अनुमान तयार गरि सडक निर्माणका काम उपभोक्ता समिति मार्फत गराउदा बढि व्ययभार पारेको रु.
<table>
<tr><th>योजनाको नाम</th><th>परिमाण घन मिटरमा</th><th>लागत अनुमान अनुसारको लागत रु</th><th>विभागीय नर्मस अनुसार लागत रु रु ७७.१५ प्रति घमि को आधारमा</th><th>बढी देखाइएको लागत रु</th></tr>
<tr><td>चौसी सरक्याल सडक निर्माण</td><td>२५३२।२१</td><td>५०७७१७।००</td><td>१९५३७०।००</td><td>३१२३४८।००</td></tr>
<tr><td>गोरलेख तल्लो ओली गाँउ सडक निर्माण</td><td>३८३०</td><td>३७५४००।००</td><td>२९५५००।००</td><td>८००००।००</td></tr>
<tr><td>भैरपुडी तिपताने लाखडा सडक निर्माण</td><td>६२३४</td><td>६२४३५०।००</td><td>४८०९७७।००</td><td>१४३३७३।००</td></tr>
<tr><td>वजेडी स्वाखान सडक निर्माण</td><td>८२०३</td><td>९९९९२०।००</td><td>६३२८९३।००</td><td>३६७०२७।००</td></tr>
<tr><td>लामीखाल घटलाई खाली सडक निर्माण</td><td>३८३६</td><td>३६६०७०।००</td><td>२९५९६२।००</td><td>७०१०८।००</td></tr>
<tr><td>चौसी सडक निर्माण</td><td>१६६७८</td><td>१८२३०८०।००</td><td>१२८६७७२।००</td><td>५३६२०८।००</td></tr>
<tr><td>थाला सडक स्तरोन्नति</td><td>४७६३</td><td>६५२४६०।००</td><td>३६७४८४।००</td><td>२८४९७६।००</td></tr>
<tr><td>बारकाँडा एलि दह सडक निर्माण</td><td>१७३३७</td><td>१५४१७२०।००</td><td>१३३७६१६।००</td><td>२०४१०४।००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१९९८१४४।००</td></tr>
</table></td><td>१९९८१४४.०</td></tr>
<tr><td>५१.</td><td>भवन निर्माणको लागत अनुमानः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यको लागि आवश्यक सबै सामाग्री तथा ज्यालाको परिमाण तथा दरको आधारमा लागत अनुमान तयार गर्नु पर्ने र सोही अनुसार उपयुक्त खरिद विधि निर्धारण गरी गर्नु पर्ने हुन्छ ।पालिका अन्तर्गतको श्री नमादेव आधारभूत विद्यालयको भवन निर्माणको लागत अनुमामन तयार गर्दा वालको पुरै परिमाण समावेश गर्न छुटाई लागत अनुमान तयार गरेको देखियो ।यो वर्ष रु ९६७७२३।०० भुक्तानी भएको यस भवनको वास्तविक लागत एकिन हुदैन । भुक्तानीको लागि नापजाँच गर्दा समेत वालको परिमाण नापी कितावमा समावेश गरेको देखिएन । वाल सहितको निर्माण कार्य भैरहेको फोटो श्रेस्ता साथ संलग्न भएकोमा लागत अनुमान अनुसार नै नापी किताव तयार भएबाट प्राविधिक नापजाँच तथा लागत अनुमान यथार्थपरक छ भन्न सकिने अवस्था छैन ।प्राविधिक नापजाँचको कार्यलाई जिम्मेवार बानाई वास्तविक नापी किताव र ठेक्का विल पेश हुनु पर्ने रु.</td><td>९६७७२३.००</td></tr>
<tr><td>५२.</td><td>हेभी इक्विपमेण्टको प्रयोग – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । हेभी ईक्वीपमेण्टको प्रयोग तोकिए बमोजिम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५३.</td><td>जटिल संरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।	
	सशर्त कार्यक्रमतर्फ	
५४.	**५० प्रतिशत मुल्य अभिवृद्धि करः-** मू.अ.कर नियमावली २०५३ को नियम ६ (ग) मा सरकारी निकायले ठेक्का सम्झौता वा कारर अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्ति कर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गरिने मु.अ.कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रकम मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायबमोजिम भुक्तानी गर्दा १३ प्रतिशतले हुन आउने मु.अ.कर रु ४८८०७५.० भुक्तानी दिएको छ । नियमावलीको व्यवस्था अनुसार ६.५ प्रतिशतले हुने रू.२४४०३७.५ मात्र भुक्तानी दिनु पर्नेमा बढी भुक्तानी दिएकोले मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु	२४४०३७.५

व्यवसायी	विल मिति	विल रकम	भ्याट रकम	५० प्रतिशत मु.अ.कर
जय श्री बालाजी ड्रिलिङ उद्योग	२०७७।३।४	१६००४२९	१८४१२७	९२०६३.५
जय श्री बालाजी ड्रिलिङ उद्योग	२०७७।३।४	२७४२०१७	३०३९४८	१५१९७४
जम्मा		४३४२४४६	४८८०७५	२४४०३७.५

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५५.	**अनुगमन प्रतिवेदनः-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६।७७ को सि.नं. ९.८ र ९.७ अनुसार माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम र **ICT Lab,** पुस्तकालयका लागि अनुदान कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट रू. ६ लाख ५० हजार अनुदान दिने र सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्यप्रगति पेश गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले देहायबमोजिमका विद्यालयलाई अनुदान दिंदा विद्यालयसँग भएको सम्झौतामा के कति कार्य गर्ने, कुन कुन सामाग्री खरीद गर्ने लगायतका विषयहरु उल्लेख नभएकोले तोकीएको कार्यक्रममा खर्च भए नभएको सम्बन्धमा फोटो सहितको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रू.	१९५००००.०

सि.नं.	विद्यालयको नाम	अनुदान कार्यक्रम	रकम
१.	कालिकास्थान मा.वि. दह	विज्ञान प्रयोगशाला	६५००००
२.	लक्ष्मी मा.वि. काणी	पुस्तकालय	६५००००
३.	भैरव मा.वि. बाँझ	शिक्षण सिकाइमा सूचना प्रविधि	६५००००
जम्मा			१९५००००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५६.	**शिक्षण सिकाइ सामाग्री व्यवस्थापन अनुदानः-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६।७७ को सि.नं. ९.१० अनुसार विगतमा यस प्रकृतिको अनुदान नपाएका आधारभूत तह (कक्षा ६-८) का लागि विद्यालय एकिन गरी प्रति विद्यालय रू. ५० हजारका दरले गणित, विज्ञान र अङ्ग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री अनुदान दिने व्यवस्था छ । पालिकाले निर्देशिका विपरित शारदा माध्यमिक विद्यालय र कालिकास्थान माध्यमिक	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>विद्यालयलाई रू. ५० हजारका दरले रू.१ लाख यस प्रकारको अनुदान उपलब्ध गराएकोले अनुदान वापतको रकम अनियमित देखिएको रू.</td><td>१०००००.०</td></tr>
<tr><td>५७.</td><td>छात्रावृत्ती वितरणः- ३६-२०७६।१२।०१, शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६।७७ को सि.नं. ४.२ मा कक्षा १-८ सम्म अध्ययनरत विद्यार्थीलाई मात्र छात्रा छात्रवृत्ती र दलित छात्राबृत्ती वितरण गर्ने व्यवस्था छ । गाउँपालिकाले निर्देशिका विपरित देहायका विद्यालयमा कक्षा ९-१० का दलित छात्र/छात्रालाई छात्रवृत्ती वापत भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रू.
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>विद्यार्थी संख्या</th><th>दर</th><th>जम्मा भुक्तानी रकम</th></tr>
<tr><td>१.</td><td>प्रभात मा.वि. देहिमाण्डौ</td><td>८</td><td>५००</td><td>४०००</td></tr>
<tr><td>२.</td><td>लक्ष्मी मा.वि. काडी</td><td>१</td><td>५००</td><td>५००</td></tr>
<tr><td>३.</td><td>भगवती मा.वि. तलारा</td><td>२९</td><td>५००</td><td>१४५००</td></tr>
<tr><td>४.</td><td>मष्टामाण्डौ मा.वि. लामिखाल</td><td>२१</td><td>५००</td><td>१०५००</td></tr>
<tr><td>५.</td><td>सारदा मा.वि. मौवा</td><td>१६</td><td>५००</td><td>८०००</td></tr>
<tr><td>६.</td><td>भैरव मा.वि. वाझ</td><td>३३</td><td>५००</td><td>१६५००</td></tr>
<tr><td>७.</td><td>कालिभैरव मा.वि.</td><td>१५</td><td>५००</td><td>७५००</td></tr>
<tr><td>८.</td><td>कालिकास्थान मा.वि. दह</td><td>८</td><td>५००</td><td>४०००</td></tr>
<tr><td>९.</td><td>गौरीचौका मा.वि.</td><td>१५</td><td>५००</td><td>७५००</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>७३०००</td></tr>
</table></td><td>७३०००.०</td></tr>
<tr><td>५८.</td><td>निःशुल्क पाठ्यपुस्त अनुदानः_कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६।७७ को सि.नं. ३.१ अनुसार यकिन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिनु पर्दछ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र त्यसपछी २०७७ वैशाखबाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा संख्या एकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ । कार्यालयले कोभिडको विश्वव्यापी महामारीको यस विषम परीस्थितिमा नयाँ शैक्षिक सत्र सञ्चालन नभएको, नयाँ विद्यार्थी भर्ना नभएको, जम्मा विद्यार्थी संख्या पनि एकिन नभइसकेको अवस्थामा पनि विद्यालयले विना आधार निकासा माग गरेको आधारमा १४ विद्यालयलाई पाठ्यपुस्तक वापतको दोस्रो किस्ता रकम रू. ४८१२२८।- निकासा गरेकोले थप विद्यार्थीको प्रमाणित कागजातका आधारमा नपुग रकम एकिन नगरी थप निकासा पठाएकोले निर्देशिका विपरीत पठाएको उक्त थप पाठ्यपुस्तकको रकम वरावर विद्यार्थिले पाठ्यपुस्तक पाएको एकिन गरी उक्त रकमलाई नियमित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५९.</td><td>सेनीटरी प्याड खरीदः- शिलबन्दी दरभाउको आधारमा यशोधा फार्मेशी छनौट भै मिति २०७७।३।२५ को खरीद सम्झौता अनुसार प्रति थान रू. ३२ का दरले रू. ५३३३२३।— (भ्याट सहित) मा १४७९४ थान स्यानेटरी प्याड खरीद गरेको छ । त्यस्तै कोटेशन विधिबाट मिति २०७७।३।२४ मा</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	अनुषा फार्मेसीबाट रू. ७९.५ दरमा ३५१४ थान प्याड रू.२७९३७३।- (भ्याट वाहेक) र सोही मितिमा मेडियड सर्जिकल एण्ड सप्लायर्सबाट रू. ७९ दरमा ५४६० थान प्याड रू. ४३१३४०।— (भ्याट बाहेक) मा खरीद गरेको छ । एउटै कार्यक्रमको रकमबाट एकै Specification को स्यानिटरी प्याड सिलवन्दी दरभाउपत्र विधिबाट रू.३२ मा खरीद गरेकोमा १० दिन अवधि फरक पारी फरक-फरक संस्थाबाट रू. ७९ र रू. ७९.५ मा खरीद गर्दा गाउँपालिकालाई रू. ४२३५३५।—थप व्यायभार पर्ने देखिन्छ । वार्षिक रुपमा प्रयोगमा ल्याउने गरी खरीद एवं वितरण गर्नुपर्ने स्यानेटरी प्याड आर्थिक वर्षको अन्तिम महिनामा खरीद गरिएको उक्त सामाग्री सम्वन्धित विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिति देखिएको तथा कार्यालयलाई थप व्यायभार पर्ने गरी खर्च भएको रकम अनियमित देखिएको रू.	४२३५३५.०
६०.	**बढी भुक्तानीः-** कोभिडबाट भएको शैक्षिक क्षति न्यूनिकरण तथा विद्यार्थीको सिकाई प्रवर्द्धन कार्यक्रम अन्तर्गत सामुदायिक विकास तथा सामाजिक न्याय मञ्च अन्तर्गत रेडियो अमरगढी ९७.४ मेगाहर्जसँग दैनिक रू.१६८००।— मा शिक्षण सिकाइ कार्यक्रम प्रशारण गर्ने गरी मिति २०७७।३।२७ मा पालिका र उक्त रेडियो बीच सम्झौता भएको छ । सथै सम्झौतामा सम्झौताको अवधि मिति २०७७ आषाढ मसान्तसम्म हुने उल्लेख छ । सम्झौता अनुसार जम्मा ४ दिनको रू. ६७२००।— मात्र भुक्तानी गर्नुपर्नेमा रू. ३ लाखमा १५ प्रतिशत कट्टी गरी रू. २४५०००।— भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रू. १७७८००।०० असुल गरी दाखिला गर्नुपर्दछ ।	१७७८००.०
६१.	**तलबी प्रतिबेदनः-** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका स्वास्थ्य तर्फका कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।	
६२.	**संघीय शसर्त तर्फबाट तलव भुक्तानीः-** ९७-२०७७।३।१४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्वन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । संघीय सशर्त अनुदानको बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको **आर्थिक वर्ष २०७६।७७ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनमा** तोकीएबमोजिम बाहेक विभिन्न पदका स्वास्थ्य सेवाका करार कर्मचारीलाई तलबभत्ता तथा पोसाक भत्ता वापत भुक्तानी गरेको रकम अनियमित देखिएको रू.	२९००००.०
६३.	**परिवार योजना तथा प्रजनन स्वास्थ्य कार्यक्रमः-** १२४-२०७७।३।३०, संघीय सशर्त अनुदानको बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको **आर्थिक वर्ष २०७६।७७ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन** बमोजिम खर्च गर्नुपर्दछ । गाउँपालिकाले मार्गदर्शन विपरीत खोप कार्यक्रमको समिक्षा, शुक्ष्म योजना अध्यावधिक कार्यक्रम अन्तर्गत मिति २०७६।१२।१ र २ मा सञ्चालित २ दिने गोष्ठीमा सहभागी २२ जनालाई २ दिनको रू १००० का दरले रू. ३५०००।-, मिति २०७७।१२।६ मा सञ्चालन भएको खोपको दिगोपनाका लागि साझेदार संस्था, खोप समन्वय समिति, स्वास्थ्य संस्था प्रमुख,	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	गाउँपालिका प्रमुख तथा वडा प्रमुखहरु र सरोकारवालासँगको १ दिने गोष्ठीमा सहभागीलाई सहभागी भत्ता बापत ३६ जनालाई रू. १००० का दरले रू.३६००० र मिति २०७६।१२।६ मा सञ्चालित पूर्ण खोप गाउँपालिका सुनिश्चितता र दिगोपना सुक्ष्म योजना अध्यावधिकको लगि गाउँपालिका खोप समन्वय समिति, स्वास्थ्य संस्था प्रमुख, गाउँपालिका प्रमुख तथा वडा प्रमुखहरु र सरोकालासँगको १ दिने गोष्ठीमा सहभागी ३५ जनालाई रू.१००० का दरले रू.३५००० भुक्तानी गरेको छ । यसरी कार्यालय परिसरमा नै कार्यालयका पदाधिकारीहरु सहभागी भएको गोष्ठीमा एकै दिनको २ वटा कार्यक्रममा रू.७१०००।— र २ दिने गोष्ठीमा मार्गदर्शनले तोके भन्दा बाहिरका सहभागिहरुलाई रू.३५७००।— गरी जम्मा रू.१०६७०० भुक्तानी रकम अनियमित देखिएको रू.	१०६७००.०
६४.	**औषधि खरिदः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले कोटेशन माग गरी देहायबमोजिम औषधि सोझै खरीद गरेको छ ।	

भौ.नं. र मिति	आपूर्तिकर्ता	रकम
५२-२०७७।३।१०	आई क्यू हस्पी केयर	३४२९५५
५२-२०७७।३।१०	तिवारी मेडिसिन डिष्ट्रिव्यूटर्स	४९२४३४
	जम्मा	८३५३८९

औषधि खरिद सम्बन्धमा सम्बन्धीत आपूर्तकसँग औषधि खरीद सम्झौता नगरेको, राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको औषधीको मुल्य अनुसारको औषधि खरीद कार्य नगरेको, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट **Specification** अनुसार परीक्षण गरेर जिन्सी दाखीला गर्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने लेवलमा खुलाएको प्रमाण समावेश नभएकोले तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकीन गरी औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
६५.	**जिन्सी दाखिलाः-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ अनुसार कुनै पनि माध्यमबाट कार्यलयमा प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका सामाग्री जिन्सी दाखिला गरेको नदेखिएकोले जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रू.	२५५५१०.०

भौ.नं. र मिति	कार्यक्रम	सामाग्री	रकम
८४-२०७७।३।२३	स्वास्थ्य संस्था नभएका वडामा भवन निर्माण	कम्प्यूटर टेवल १ थान, अफिस दराज १ थान, टि टेवल १ थान, घुम्ने कुर्सी ३ थान	९८३१०
९१-२०७७।३।२४	स्वास्थ्य सामाग्री खरीद तथा व्यवस्थापन	IR Thermometer १८ थान	१३३२००
९२-२०७७।३।२४	परिवार योजन तथा स्वास्थ्य कार्यक्रम	Digital B.P. Set ४ थान	२४०००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	जम्मा २५५५१०	

६६. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजागरी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो निर्माण, तटवन्ध निर्माण, पर्खाल निर्माण, खेल मैदान निर्माण, नाली निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी ५४५ जनालाई समग्रमा ९३८१ दिन र औषतमा १७.२ दिन मात्र रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक खर्च र कार्यक्रम खर्च समेतमा रू.५६०२६८४।- (हाले औजार खरीद समेत) खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ । सञ्चालित कार्यक्रमको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः

सि.नं.	कार्यक्रम/योजना संचालन	रोजगार संख्या	रोजगारी प्राप्त गरेको दिन	पारिश्रमिकमा खर्च भएको रकम	कुल खर्च
१.	पिड बाटो निर्माण योजना	२६	३४६	१९३७६०	१९३७६०
२.	रानीवन लामिखाल बाटो सोलिङ	२५	३५०	१९११५४	१९११५४
३.	बाल गोपाल भवानी बा.वि.के. खेल मैदान तथा पर्खा निर्माण योजना	२८	३३४	१९१४२८	१९१४२८
४.	दहदेखी बालविकास बाटो सोलिङ्ग	३७	३७०	१९५८८६	१९५८८६
५.	पोतली बान्ना गोरेटो बाटो निर्माण	३८	७६०	३९५४६०	३९५४६०
६.	महादेवस्थान स्वास्थ्य चौकी पर्खाल तथा मैदान निर्माण	३९	१०५३	६०८०४०	८०९४६२
७.	कुचेडा देखि कापडा सम्म गोरेटो बाटो निर्माण	६०	७२०	४०५२००	४०५२००
८.	रेजुला गोरेटो बाटो निर्माण	३६	३६०	१९०९१६	१९०९१६
९.	गोगना सिँचाइ पोखरी निर्माण	४५	७२०	४०८६४८	५१५५४३
१०.	भवानी बाल विकास घेरावार मर्मत	२१	४६२	२७३६००	२८१११०
११.	ढवैचा बाटो निर्माण	११	११०	५९२०२	५९२०२

कार्यालयको नाम : आर्दश गाउँपालिका, डोटी । आ.व. २०७६।७७

१२.	भाडीसैनी सडक सोलिङ्ग र नाली निर्माण	२६	३६४	१८९७३१	१८९७३१
१३.	सातला गाउँघर क्लिनिक भवन निर्माण	२७	३५१	१९६६८०	२०११९४
१४.	काँडी गाउँ बाटो सोलिङ्ग	५९	१५५०	६९३६५६	६९३६५६
१५.	सिरकाला बाटो निर्माण योजना	४२	११७६	७५५२५६	७५५२५६
१६.	पिड बाटो निर्माण	२५	३५५	१८६४६९	१८६४६९
	जम्मा	५४५	९३८१	५१३५०८६	५४५५४२७

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
६७.	**प्रधानमन्त्री रोजगार कार्यक्रमको पारिश्रमिक भुक्तानीः-** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना सञ्चालन कार्यविधि, २०७६ को परिच्छेद ५ बुँदा २१ (१) अनुसार स्थानीय तहले श्रमिकको ज्याला सम्बन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडा अध्यक्षको सिफारिस बमोजम श्रमिकको बैंक खातामा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएका सबै योजनाको ज्याला वापतको रकम रू. ५१३५०८६।- सम्बन्धित श्रमिकको वैंक खातामा भुक्तानी नगरी रोजगार समितिको नाममा भुक्तानी गरेको छ । कार्यविधिले तोकेको प्रक्रिया अवलम्बन गरी सम्बन्धित श्रमिकको बैंक खातामा सोझै तलब भुक्तानी गर्नुपर्दछ ।	
६८.	**सोलार खरीदः-** कार्यालयले शिलवन्दी दरभाउ पत्र विधिबाट उग्रतारा टेक्नीकल सप्लायर्सबाट सामाग्री १०२ सेट सोलार खरीद, ढुवानी, जडान वापत रू.१३९१३२६।— खर्च लेखेको छ । संस्थासँगको सम्झौतामा सोलार खरीद र जडान सम्मको कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको अवधिसम्म खरीद भएका सोलार जडान भएको छैन तर सोलार Installation वापत संस्थालाई रू.६९७५०।— भुक्तानी भैसकेको छ । संस्थाले पेश गरेको वैंक ग्यारेन्टीको अवधि पनि समाप्त भैसकेको छ । यसरी सोलार जडान नै नभइ Installation वापत भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रू.	६९७५०.०
	समानीकरण पूँजिगततर्फ	
६९.	**कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु १५६२३७९।०० कट्टी गरेको छ ।	
७०.	**सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।	
७१.	**डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई कूल रू २९ लाख २० हजार खर्च भएको छ ।	

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम
बृहत खानेपानी डि.पि.आर वडा नं. ३ र ४	त्रिनेत्र कन्ष्ट्रक्सन एण्ड कन्सल्ट प्रा.लि.	४०००००	३४८५८६
बृहत खानेपानी डि.पि.आर वडा नं. ३ र ४	हवाईट रेज इन्जिनियरिङ्ग कन्सल्टेन्ट	४०००००	३५१८६८
वडा नं. ३ कार्यालय भवन	दुर्गा इन्जिनियरिङ्ग कन्ष्ट्रक्सन एण्ड कन्सल्ट नेपाल प्रा.लि.	५०००००	४७७२२०
प्रशासकीय भवन निर्माण	सैपाल इन्जिनियरिङ्ग कन्ष्ट्रक्सन एण्ड कन्सल्ट नेपाल प्रा.लि.	१००००००	९५६४४७
सिल्लीपहिरो गिरिचोका सडक	मनिशुक इन्जिनियरिङ्ग सर्भिस प्रा.लि.	३०००००	२९५२६२
आदर्श गा.पा. बृहत खानेपानी डिपबेरिङ्ग	जियो इन्भायरोमेन्ट सोलुशन प्रा.लि.	५०००००	४९०६००
जम्माः		३१०००००।००	२९१९९८३।००

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट छैन । आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
७२.	**पाईप खरिदः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसार सप्लार्यसहरुबाट पाइप ग्याविन तथा जस्तापाता खरिद गरी खर्च लेखेकोमा सामाग्रीको खपतको प्रमाण संलग्न छैन । सर्भेक्षणबाट कायम भएको आवश्यक परिमाण सहितको लागत अनुमान तथा निर्धारित कार्यमा खपत तथा जडान भएको नापी किताव सहित हस्तान्तरण फारम लगाएतको प्रमाण पेश हुनु पर्ने रु.	५९५७७८.००

क्र स	सप्लायर्सको नाम	खरिद भएको सामान	भुक्तानी रकम
१	बङ्गा सप्लार्यस	ग्याविन तथा पाइपहरु	३९५८३९।००
२	दिव्य ज्योती सप्लायर्स	जस्ता पाता खरिद	१९९९३९।००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
७३.	**मालसमान तथा उपकरण खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गर्न सकिएन ।
<table>
<tr><th>क स</th><th>मालसामानको विवरण</th><th>आपुर्तिकर्ता</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>सोलार बत्ति</td><td>सफ्टवेयर एप्लिकेशन एण्ड ईन्फरमेशन टेक्नोलोजी</td><td>१४७४०८।००</td></tr>
<tr><td>२</td><td>एम्वुलेन्स खरिद</td><td>अग्नि ईन्कर्पोरेट प्रा लि</td><td>८०००००।०० पेश्की</td></tr>
<tr><td>३</td><td>कम्प्युटर र प्रिन्टर खरिद</td><td>दिवस ट्रेड लिङ्क</td><td>९९२५९।००</td></tr>
<tr><td>४</td><td>एक्सरे लगायत अन्य सर्जिकल मेशिन खरिद</td><td>सम्जना सर्जिकल एण्ड सपलायर्स</td><td>८२४९००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>समानीकरण चालुतर्फ</td><td></td></tr>
<tr><td>७४.</td><td>करकट्टिः आयकर ऐन २०५८ को दफा ८७(१) मा प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्ति गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची १ बमोजिमका दरले हुने कर कट्टी गर्नु पर्ने उल्लेख छ । यस पालिकाले शिक्षा शाखाको प्रमुखमा जोरायल गा.पा. स्थित रामपूर मा.वि. वुडरका शिक्षक पदम राज भट्टलाई नियुक्ति दिए बापत निजको सट्टामा निज कार्यरत विद्यालयमा एक जना सट्टा शिक्षक नियुक्त गरि यस पालिकाबाट तलब भत्ता आ.व. २०७६/७७ मा कूल रु ५०१८७०.० भुक्तानी दिएकोमा आयकर ऐन अनुसार कट्टि गर्नुपर्ने रकम कट्टी नगरि भुक्तानि दिएकाले नियमानुसार हुन आउने कर रकम सम्बन्धित बाट असुल गरि दाखिला गरिनुपर्ने रू.</td><td>१४३७४.४</td></tr>
<tr><td>७५.</td><td>सहजिकरण भत्ताः १३।२०७६/९/२१ अर्थमन्त्रालयको कार्यक्रम कार्यान्वन निर्देशिका २०७५ को दफा ७.१.१५ को ४ मा तालिम केन्द्र बाहेकका स्थानबाट सञ्चालित तालिम/गोष्ठि/सेमिनार लगायतका कार्यक्रममा खर्च गर्ने आधारहरु स्पष्ट गरेको छ । यस पालिकाले गा.पा.पदाधिकारी र प्र.अ. सँग एक दिने अन्तरक्रिया कार्यक्रममा सहजकता बापत पदमराज भट्टले रु ४०८०.० पारिश्रमिक लिएकोमा उक्त निर्देशिकामा सहजकर्ता बापत पारिश्रमिक लिने व्यवस्था उल्लेख भएको पाइएन । निर्देशिकामा उल्लेख नभएको सहजीकरण भत्ता के कति आधारमा बुझेकोहो सो को प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नु पर्ने रू.</td><td>४०८०.०</td></tr>
<tr><td>७६.</td><td>पालिका भित्र भ्रमणः २४।२०७६/१०/१३ भ्रमण खर्च नियमावली २०६४ को नियम ५ मा सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटीएका पदाधिकारी वा कर्मचारीले मात्र भ्रमण खर्च पाउने उल्लेख छ । यस पालिकाका देहाए बमोजिमका पदाधिकारी/ कर्मचारीहरुले आफ्नो पालिका भित्र विभिन्न कार्यका लागि जाँदा दैनिक भ्रमण भत्ता भुक्तानी लिएकाले खर्च पुष्टिको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित कर्मचारीबाट असुल गरिनुपर्ने रु
<table>
<tr><th>पदाधिकारी/कर्मचारीको नाम</th><th>प्रयोजन</th><th>रकम रु</th><th>मिति</th></tr>
<tr><td>टेक ब. तिम्बा</td><td>विद्यालय अनुगमन</td><td>३९००.०</td><td>२०७६/९/१३-१६</td></tr>
<tr><td>पदम ब. साउद</td><td>विद्यालय अनुगमन</td><td>८२००.०</td><td>२०७६/९/२७-१०-४</td></tr>
<tr><td rowspan="2">तप राज ओझा</td><td rowspan="2">तलब निकासा</td><td>५१००.०</td><td>२०७६/९/२४-२८</td></tr>
<tr><td>३९००.०</td><td>२०७६/६/७-१०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२११००.०</td><td></td></tr>
</table></td><td>२११००.०</td></tr>
<tr><td>७७.</td><td>दाखिला नभएकोः ३३।२०७६/१०/११ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायत्व ऐन,२०७६ को</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>दफा २८ (१)मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिन भित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने उल्लेख छ।यस पालिकाको वडा स्तरीय खेलकुदका लागि रु १५००००.० को ११ जोर जुत्ता र ड्रेस खरिद गरेको देखिन्छ । खरिद पश्चात उक्त जुत्ता र ड्रेस कार्यालयमा दाखिला नदेखिएको र सोको वितरण भरपाई समेत नभएकोले सोको विरण भरपाई वा दाखिला प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा सम्बन्धित बाट असुल गरिनुपर्ने रु</td><td>१५००००.०</td></tr>
<tr><td>७८.</td><td>गा.पा.स्तरीय खेलकुद विकास कार्यक्रमः ६३।२०७६/११/२३ आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६ को (५) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन पश्चात कार्यक्रम अनुरुप कार्यसम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नपर्ने उल्लेख छ ।यस पालिकाले सञ्चालन गरेको गा.पा.स्तरीय खेलकुद विकास कार्यक्रम सञ्चालन पश्चात पेश गरेको प्रतिवेदनमा कार्यक्रम भएको मिति र सम्बन्धित वडाको खेलकुद सञ्चालन गर्ने निर्णयमा उल्लेख गरिएको मिति, निजले कार्यक्रम सञ्चालनका लागि लिएका सामाग्रीहरुको मिति, खेलकुद सामाग्री वितरण भरपाई र कार्यक्रमको फोटोमा उल्लेखित मिति फरक फरक समयको भएकाले कार्यक्रम सञ्चालन भएको यकिन हुन नसकिएकाले सो कार्यक्रम भए नभएको तहाँबाट नै छानविन गरि कार्यक्रम सञ्चालन भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितहरुबाट असुल गरिनुपर्ने रु</td><td>१०००००.०</td></tr>
<tr><td>७९.</td><td>वडा बैठकको भत्ताः सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन,२०७५ को दफा १२ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन पाउने छैनन् भन्ने उल्लेख छ।उक्त ऐनमा वडा कमिटिको बैठक बापतको भत्ताको व्यवस्था भएको पाइएन । यस पालिकाका देहायको भौचरमा देहायमा उल्लेख भए बमोजिमको रकम वडा बैठक बापत खर्च लेखेकाले, ऐनमा व्यवस्था भएको देखि बाहेकको भत्ता के कति आधारमा भुक्तान गरिएको हो सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित बाट असुल गरिनुपर्ने रु
<table>
<tr><th>भौ.नं./मिति</th><th>वडा नं</th><th>रकम रु</th></tr>
<tr><td>१३१/२०७७/३/२५</td><td>५</td><td>१२२४००.०</td></tr>
<tr><td>१३२/२०७७/३/२५</td><td>७</td><td>१२२४००.०</td></tr>
<tr><td>१३३/२०७७/३/२५</td><td>१</td><td>१२२४००.०</td></tr>
<tr><td>१३४/२०७७/३/२५</td><td>३</td><td>१२२४००.०</td></tr>
<tr><td>१३७/२०७७/३/२५</td><td>६</td><td>१२२४००.०</td></tr>
<tr><td>१४८/२०७७/३/२५</td><td>२</td><td>११४७५०.०</td></tr>
<tr><td>११८/२०७७/३/२५</td><td>४</td><td>१४२८००.०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>८६९५५०.०</td></tr>
</table></td><td>८६९५५०.०</td></tr>
<tr><td>८०.</td><td>वडा भित्र भ्रमणः भ्रमण खर्च नियमावली २०६४ को नियम ५ मा सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटीएका पदाधिकारी वा कर्मचारीले मात्र भ्रमण खर्च पाउने उल्लेख छ । यस पालिकाका देहाएका कर्मचारी तथा पदाधिकारीहरुले विभिन्न</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	समयमा गाउँपालिका भित्रका वडा, विद्यालय, अस्पताल र विभिन्न योजना अनुगमन बापत दैनिक भ्रमण खर्च लिएकाले नियमावलिको व्यवस्था विपरित लिएको उक्त रकम सम्बन्धित बाट असुल गरिनुपर्ने रु	४९८२५.०

भौ नं/ मिति	नाम/पद	रकम रु
८७/२०७६/१२/९	लेखा अधिकृत	८०००.०
९६/२०७७/२/९	पत्रकार	१००००.०
४३/२०७६/१०/२	गा.पा.उप प्रमुख	२८४२५.०
	गा.पा.प्रमुख	३४००.०
जम्मा		**४९८२५.०**

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
८१.	**भ्रमण अवधिको भत्ताः ७८।२०७७/२/१८** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने उल्लेख छ । यस पालिकले सञ्चालन गरेको १ दिने झाडा पखाला तथा सरसफाई सम्बन्धी जनचेतना मुलक अभिमुखिकरण कार्यक्रममा निम्न व्यक्तिहरुले दैनिक भ्रमण भत्ता र सहभागि भत्ता बुझेको पाइयो । ऐनको विपरित हुने गरी लिएको सहभागि भत्ता सम्बन्धित बाट असुल गरीनुपर्ने रु.	३३१५.०

नाम	रकम रु
डा. समिक राज सिंह	१०२०.०
दिपक राज ओझा	१०२०.०
निर्मला विष्ट	४२५.०
मोहन राज ओझा	४२५.०
कृष्ण ब. खड्का	४२५
जम्मा	३३१५.०

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
८२.	**सोझै खरिद र लागत अनुमान विना खरिदः १५९।२०७७/३/३०** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा एक लाख रुपैयाँ भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रूपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तीकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने उल्लेख छ । यस पालिकाले वन विकास कार्यक्रम लागत रु ४८९९०६.० को विरुवा खरिद गर्दा लागत अनुमान तयार नगरेको र मौजुदा सुचिकृत फर्मसँग पनि खरिद गरेको देखिएन । खरिद ऐन र नियमावलीको व्यवस्था विपरित हुने यस्ता खरिद प्रकृया नियन्त्रण गरि ऐन र नियमावलीको कार्यान्वयनमा जोड दिनु पर्ने देखिन्छ ।	
८३.	**कर कट्टिः १५९।२०७७/३/३१** कार्यलयको लागि आवश्यक मसलन्द तथा कार्यालय धनगढी देखि गा.पा.को केन्द्र सम्म सामाग्री ढुवानी बापत रु १४००००.० भुक्तानी गर्ने गरी गाडि चालक सँग	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	सम्झौता गर्दा करारमा ढुवानी वापत १० प्रतिशत कर कट्टि गर्ने गरि सम्झौता गरिएको भए पनि भुक्तानी दिदा सो कट्टा नगरेकोले सम्बन्धित बाट असुल गरि दाखिला गरिनुपर्ने रु	१४०००.०
८४.	**न्यायिक समितिको बैठकः १४९।२०७७/३/२९** नेपालको संविधान अनुसार स्थानीय तहको न्यायिक समितिमा उप प्रमुख सहित तीन जना सदस्य रहने व्यवस्था छ । यस पालिकाले न्यायिक समितिको बैठकमा सहभागि भए बापत १० जनालाई बैठक भत्ता भुक्तानी दिएको देखिन्छ । संविधान अनुसार ३ जना मात्र रहने समितिमा १० जनालाई विभिन्न मितिमा बसेको बैठकको भत्ता बापत कूल रु १३६८५०.० भुक्तानी गर्नका कारण स्पष्ट गर्नुपर्ने अन्यथा न्यायिक समितिका पदाधिकारी र कार्यलय सहयोगी १ जना बाहेक गा.पा.अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत सहित ६ जनाले बुझेको भत्ता सम्बन्धित बाट असुल गरिनुपर्ने रु.	६५४५०.०
८५.	**परामर्श सेवाः १५५।२०७७/३/३०** सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा खरिद गर्न सकिने भनिएको छ । यस पालिकाले २०७७/३/२५ मा गाउँपालिकाको विभिन्न कार्यविधि निर्माण गर्नका लागि रु १०००००.०० मा १ जना स्थानीय पत्रकार सँग सम्झौता गरेर कार्यविधि निर्माण गरेको पाइयो ।पालिकाको लागि आवश्यक कार्यविधिको मस्यौदा तयार गर्ने कार्य पालिकामा तत्काल कायम रहेको जनशक्तिबाट सम्भव देखिन्छ । यसरी ऐनको व्यवस्था विपरित परामर्श सेवा खरिद गर्नु नियम सम्मत नदेखिएको रु.	१०००००.०
८६.	**बिल भरपाई नभएको (८) २०७७।०३।२५ बहुक्षेत्रीय पोषण कार्यक्रमः -** अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पोषण संयोजक श्री शिला बि कले पोषण सम्बन्धी विभिन्न कार्यक्रमको लागि रु.४५६९९०।०० पेश्की लिएकोमा सो कार्यक्रमको पेश्की फछ्यौट गर्दा रू. ३९४५८०।०० बराबरको मात्र विल भपाई संलग्न भएको देखिएकोले घटी रकम रु.६२४१०।०० बराबरको थप प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल उपर हुनुपर्ने रु।	६२४१०.००
८७.	**बिल भरपाई नभएको ५५(२०७७।०३।३१) कोरोना रोकथाम तथा व्यवस्थापनः-** अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । वडा नं. ३ को राहात वितरणको लगि रू.४८.८० प्रतिकेजी का दरले ५३०० केजि चामल वडा सचिब श्री रमेश चन्द्र ओझा द्धारा खरिद गरी सोहि अनुसार भुक्तानी भएकोमा सो चामल वितरण गरे वापत संलग्न भरपाईमा ५०५० केजी मात्र वितरण भएको देखिन्छ । यसरी बाँकि २५० केजि चामल वितरणको थप प्रमाण पेश हुनु पर्ने अन्यथा सो बराबरको रकम सम्धित कर्मचारीबाट असुर हुनुपर्ने रू.	१२२०००.०
८८.	**भ्रमण खर्च :** सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
	सामाजिक सुरक्षातर्फ	
८९.	**सामाजिक सुरक्षातर्फ बढी निकासा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर गाउँपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै नागरिकता नंबर र एउटै जन्ममिति भएका लाभग्राहीलाई २ वा सोभन्दा बढी परिचय पत्र जारी गरेको, मृत्यु भइसकेका लाभग्राहीको लगत कट्टा नगरिएको पाइयो । तसर्थ पालिकाले लाभग्राही लगत अद्यावधिक गरी दोहोरो नामावलि र मृत्यु भइसकेका व्यक्तिको नामावलि लगत कट्टी गर्नुपर्ने जरुरी छ ।	
९०.	मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाको घटना दर्ता व्यवस्थापन अध्यावधिक हुनु पर्दछ ।	
	• **पेश्की व्यवस्थापन**	
९१.	**पेश्की बाकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले २१ दिन भित्र फछ्यौंट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्की दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्यौंट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ ।	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>९१.१.</td><td>पेश्की बाँकीः आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार तोकिएको म्याद भित्र पेश्की फछ्यौंट गरि सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको पेश्की तोकिएको म्याद भित्र फछ्यौंट गर्नु पर्दछ ।
<table>
<tr><th>क्र स</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>रोयल कन्स्ट्रक्सन</td><td>४९६५०००.००</td><td>म्याद ननाघेको</td></tr>
<tr><td>२</td><td>रोयल कन्स्ट्रक्सन</td><td>४८५००००.००</td><td>म्याद ननाघेको</td></tr>
<tr><td>३</td><td>श्री काली भैरव मा वि</td><td>१२००००.००</td><td>म्याद ननाघेको</td></tr>
<tr><td></td><td>म्याद ननाघेको पेश्की रकम</td><td>९९३५०००।००</td><td></td></tr>
<tr><td>४</td><td>अग्नी ईन्कर्पोरेटेड</td><td>८०००००.००</td><td>पेश्की जमानत बिना</td></tr>
<tr><td>५</td><td>सिल्लाने नुवाघर कठ्यारी खा पा उ स</td><td>१५००००.००</td><td>म्याद नाघेको</td></tr>
<tr><td>६</td><td>धारीदोला सोलार लिफ्ट खा पा उ स</td><td>२८७०००.००</td><td>म्याद नाघेको</td></tr>
<tr><td>७</td><td>साउदकाँडा बाहुनकाँडा खा पा उ स</td><td>७५०००.००</td><td>म्याद नाघेको</td></tr>
<tr><td></td><td>म्याद नाघेको पेश्की रकम</td><td>१३१२०००।००</td><td></td></tr>
</table></td><td>१३१२०००।०</td></tr>
<tr><td></td><td>• आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजु</td><td></td></tr>
<tr><td>९२.</td><td>आन्तरिक लेखापरिक्षण प्रतिवेदन उपरको कारवाही : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३३ मा आन्तरिक लेखा परीक्षणबाट देखिएको बेरुजू अन्तिम लेखापरीक्षण हुदा सम्म फछ्यौंट गरि सक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षणमा देखिएका निम्नानुसार व्यहोरा लेखापरीक्षण अवधि सम्म फछ्यौंट नभएकोले नियमानुसार फछ्यौंट गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>९२.१.</td><td>६४,२०७६।११।१३ एस जि फ्युल सेन्टरलाई विल भपाई बेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नु पर्ने रु</td><td>९६७९३.००</td></tr>
<tr><td>९२.२.</td><td>८७, २०७७।०३।२३ हिरा टेडर्स एण्ड जनरल अर्डर सप्लायर्सलाई बिल भपाई बेगर मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट बिल भपाई बेगर भुक्तानी रु</td><td>४९९४६.००</td></tr>
<tr><td>९२.३.</td><td>१२५,२०७७।०३।२२ सवारी चालक ल ब रोकायको नाममा रहेको पेश्की फछ्यौंट गर्दा इन्धन खर्च वापत विल संलग्न नरहेको रु</td><td>५१००.००</td></tr>
<tr><td></td><td>ब.उ.सि.न. ८०७७१५०५००१</td><td></td></tr>
<tr><td>९२.४.</td><td>२५६,२०७७।०३।३१ स्याउले लामिखान सडक निर्माण वापत वि एस कन्स्ट्रक्सनलाई ठेक्का विल नापजाँच किताब कार्यसम्पन्न प्रतिवेदन प्राविधिकबाट जाँच नभइ भुक्तानी भएकोले प्राविधिक नापी सहितको प्रमाण पेश गर्नु पर्ने रू.</td><td>९३८८८७.००</td></tr>
<tr><td>९२.५.</td><td>२४८,२०७७।०३।३१ भवानी मन्दिर निर्माण उपभोक्ता समितिले उसाले २०७७।०३।३२ निर्माण</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	कार्य सक्ने सम्झौता गरेकोमा काम सम्पन्न गर्नुपर्ने २०७७।०३।२५ उल्लेख गरेको पाइयो । पिसिसि १:२:४ र प्लाष्टिङ कार्यमा प्रयोग हुने सिमेन्ट ५।५cum volume र प्लाष्टीङ ३५.५७sqm वापत क्रमशः ३२।२ र ३।८४ बोरा सिमेन्ट गरी जम्मा लमसम ३९ bag विल हुनुपर्नेमा ३० bag को मात्र विल भपाई पेश भएकोले रु १३५७ प्रतिकट्टाको दरले हुन आउने रकम निजबाट असुल उपर गर्नु पर्ने रु	१२२१३.००
	ब.उ.सि.न ८०७७९५०५५०१	
९२.६.	२६,२०७७।०३।२८ भकारो सुधार कार्यक्रमको रकम हरियाली कृषक समुहलाई विल भवपाई बेगर भुक्तानी दिएको रू.	१६५०००.००
९२.७.	१८२,२०७७।०३।२६ लक्ष्मी माध्यामिक विद्यालयलाई पुस्तकालय निर्माण र फर्निचर खरिदको रकम भुक्तानी गर्दा जिन्सी श्रेस्ता पेश नभएको रु	२५३१२०.००
	अनुगमनः गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।	

अनुसुची-१

आदर्श गाउँपालिकाको संचितकोष विवरण
२०७६/७७

सुदुरपश्चिम प्रदेश

रु. हजारमा

जिल्ला	स्थानीय तह	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्यय				मौज्दात बाँकी
					गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
डोटी	आदर्श गाउँपालिका	८२७९२९	२५८५४	३.१२	२२०१७	२६३३३५	५६०३९	८८९	१०८५७०	४२८८३३	१६६८५८	१०१७७९	१३०४५९	३९९०९६	५१७५४

अनुसुची-२

आदर्श गाउँपालिकाको बेरुजु बर्गिकरण(विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार)

(रु. हजारमा)

जिल्ला	स्थानीय तह	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
डोटी	आदर्श गाउँपालिका	६०	३६	२५८५४	०	०	०	६०	३६	२५८५४	८७०	१६०९९	७५७३	०	०	२३६७२	०	१३१२	१३१२

अनुसुची-३

आदर्श गाउँपालिकाको अध्यावधिक बेरुजु स्थिति

(रु. हजारमा)

जिल्ला	स्थानीय तह	गत बर्ष सम्मको बाँकी वेरुजु	समायोजन	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको थप रकम	यस वर्ष सम्मको बाँकी वेरुजु	यस वर्ष सम्मको बाँकी वेरुजु मध्ये पेश्की
डोटी	आदर्श गाउँपालिका	२०७२८	०	०	०	०	०	२०७२८	२५८५४	४६५८२	५१८३